# देशको वर्तमान आर्थिक स्थिति

## (आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनाको तथ्याङ्कमा आधारित)

### मौद्रिक योगाङ्क

१. आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनामा विस्तृत मुद्राप्रदाय गत वर्षभन्दा केही कम अर्थात् ६.१ प्रतिशतले विस्तार भयो। गत वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ६.२ प्रतिशतले बढेको थियो। गत वर्षको सोही अवधिको तुलनामा खुद वैदेशिक सम्पत्तिको वृद्धि कम रहेकोले समीक्षा अवधिमा विस्तृत मुद्राप्रदायको विस्तार गत वर्षभन्दा केही कम रहेको हो।

२. विस्तृत मुद्राप्रदायका अंशहरूमध्ये सङ्कुचित मुद्राप्रदाय अघिल्लो वर्ष ३.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.७ प्रतिशतले बढ्यो भने अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्ष ७.८ प्रतिशतले बढेकोमा यस अवधिमा ६.८ प्रतिशतले मात्र बढ्यो। एकातिर विप्रेषण आप्रवाहको वृद्धिदरमा केही कमी आउनु र अर्कातिर बैकहरूले भन्दा अन्य वित्तीय संस्थाहरूले निक्षेपमा बढी ब्याज दिने कारण बचतकर्ताहरू त्यस्ता संस्थातर्फ आकर्षित भएकोले वाणिज्य बैंकहरूको आवधिक निक्षेपको वृद्धिदरमा कमी आएको हो।

३. मौद्रिक विस्तारको प्रमुख स्रोतको रूपमा रहेको खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) गत वर्ष ९.८ प्रतिशत (रू. १० अर्ब ५५ करोड) ले बढेकोमा समीक्षा अवधिमा ३.९ प्रतिशत (रू. ५ अर्ब ४० करोड) ले बढ्यो। समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहेको र निर्यात घटेको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धिमा कमी आएको हो।

४. अघिल्लो वर्ष ४.३ प्रतिशतले बढेको आन्तरिक कर्जा समीक्षा अवधिमा ०.१ प्रतिशतले बढ्यो। राजश्वमा उल्लेख्य वृद्धि भएकोले नेपाल सरकारको राष्ट्र बैंकसँग नगद मौज्दात कायम रहेको र यस अवधिमा राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडले निजी क्षेत्रबाट उठ्न बाँकी साँवा र ब्याज गरी कुल रू. १६ अर्ब २ करोड बराबरको कर्जा अपलेखन गरेकोले आन्तरिक कर्जा न्यून दरले बढेको हो। तर सो अपलेखित कर्जालाई समायोजन गर्ने हो भने आन्तरिक कर्जाको वृद्धिदर गत वर्षको सोही अवधिको (४.३ प्रतिशत) तुलनामा केही बढी नै (५.१ प्रतिशत) छ।

५. कर्जा योगाङ्कहरूमध्ये नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको खुद दाबी गत वर्षको पहिलो छ महिनामा ४.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १०.२ प्रतिशतले अरू घटेको छ । सरकारी खर्चको तुलनामा राजश्व परिचालन उच्च हुनुका साथै वैदेशिक नगद अनुदान प्राप्ति पनि उल्लेख्य रहेको कारण नेपाल सरकारको राष्ट्र बैंकमा रू. ८ अर्ब ४५ करोड नगद मौज्दात कायम रहेकोले नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको खुद दाबी घट्न गएको हो।

६. गत आर्थिक वर्षको पहिलो छ महिनामा बैंकिङ्ग क्षेत्रबाट गैरवित्तीय सरकारी संस्थानमा जाने कर्जा १५.७ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ९.७ प्रतिशतले बढ्यो। यस अवधिमा

जनकपुर चुरोट कारखाना, नेपाल खाद्य संस्थान, नेपाल आयल निगम र जनक शिक्षा सामग्री केन्द्र आदिले कर्जा लिएकोले उक्त दाबी बढ्न गएको हो ।

७. बैंकिङ्ग क्षेत्रको वित्तीय संस्थाहरूमाथिको दाबी भने गत आर्थिक वर्ष २०६२/६३ को पहिलो छ महिनाको अवधिमा ३.५ प्रतिशतले घटेको विपरीत समीक्षा अवधिमा १६.९ प्रतिशतले बढेको छ । उक्त १६.९ प्रतिशतको वृद्धिमध्ये सरकारी वित्तीय संस्थामा जाने कर्जा ०.१ प्रतिशत (रू १८ लाख) ले मात्र बढेको छ भने गैरसरकारी वित्तीय संस्थाहरूमा जाने कर्जा ३४.१ प्रतिशत ( रू ६०.४७ करोड) ले बढेको छ । वाणिज्य बैंकहरूले वित्त कम्पनी, विकास बैंकहरू तथा अन्य वित्तीय संस्थाहरूमा लगानी बढाएकोले गैरसरकारी वित्तीय संस्थामाथिको दाबी बढ्न गएको हो । यस्ता संस्थाबाट खुद्रा कर्जा अर्थात् तुलनात्मकरूपले स-सानो परिमाणको कर्जा प्रवाहित हुने हुँदा यस्तो प्रवृत्तिलाई सकारात्मक मान्न सकिन्छ ।

८. आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फको कर्जा गत वर्ष ८.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.७ प्रतिशतले मात्र बढ्यो । यस अवधिमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले खराब कर्जा तथा ब्याज गरी कुल रू. १६ अर्ब २ करोड अपलेखन गरेकोले निजी क्षेत्रमा जाने कर्जाको वृद्धि कम देखिएको हो । उक्त अपलेखित रकमलाई समायोजन गर्ने हो भने सो कर्जाको वृद्धिदर ९.२ प्रतिशत रहन जान्छ, जुन गत वर्षकोभन्दा केही बढी नै देखिन्छ तापनि बन्द, हड्ताल अझै कायम रही आर्थिक क्रियाकलापमा सुधार हुन नसकेकोले निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा अपेक्षित मात्रामा वृद्धि हुन भने सकेको देखिंदैन ।

९. खुद गैरमौद्रिक दायित्व समीक्षा अवधिमा ऋणात्मक रह्यो । गत वर्ष सो दायित्व ४.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.२ प्रतिशतले घट्यो । माथि उल्लेख गरिएअनुसार नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले गरेको कर्जा अपलेखनबाट कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तबी हिसाब घट्न गएको कारण गैरमौद्रिक दायित्व उच्च दरले ऋणात्मक रहेको हो । तर, अपलेखित कर्जाको परिमाणलाई समायोजन गर्दा उक्त गैरमौद्रिक दायित्व ०.८ प्रतिशतले बढ्न जान्छ ।

## मुद्रा बजार

१०. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा हस्तक्षेप गरी कुल रू. ३४ अर्ब ३२ करोड बराबरको खुद तरलता प्रवाह गर्‍यो । गत वर्षको सोही अवधिमा यस्तो हस्तक्षेपबाट कुल रू. २२ अर्ब ५० करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा अमेरिकी डलरको खरिद हस्तक्षेप मात्र गर्‍यो । विप्रेषण आप्रवाह भइरहेको र भारतीय मुद्रा अमेरिकी डलरसँग अधिमूल्यित भई नेपाली मुद्रा पनि अमेरिकी डलरसँग अधिमूल्यन भइरहेकोले थप अधिमूल्यन नहोस् भनेर नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा बढी खरीद हस्तक्षेप गरेको हो ।

११. विदेशी विनिमय बजारमा गरिएको हस्तक्षेपबाट अर्थतन्त्रमा प्रवाहित तरलतालाई खुला बजार कारोबारमार्फत् व्यवस्थापन गरियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा खुला बजार कारोबारबाट उच्च मात्रामा तरलताको प्रशोचन भयो । गत वर्ष सो कारोबारबाट खुद रू. ७ अर्ब ७४ करोड बराबरको तरलता प्रशोचन भएकोमा समीक्षा अवधिमा कुल रू. १९ अर्ब ४५

करोड बराबरको तरलता प्रशोचित भयो । खुला बजार कारोबारमा बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत गत वर्ष क्रमशः रू. ४ अर्ब ५७ करोड र रू. ४ अर्ब गरी कुल रू ८ अर्ब ५७ करोड प्रशोचन तथा खरिद बोलकबोलबाट रू. ८३ करोड प्रवाह भएकोमा समीक्षा अवधिमा बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत् क्रमशः रू. ५ अर्ब ८९ करोड र रू. १३ अर्ब ५६ करोड गरी जम्मा रू १९ अर्ब ४५ करोड प्रशोचन गरियो । समीक्षा अवधिमा खुला बजार कारोबारमार्फत तरलता प्रवाह भएन ।

**तालिका नं. १ : खुलाबजार कारोबार**
**(पहिलो छ महिनामा)**

रू. अर्बमा

| | उपकरणहरू | २०६२/६३ | २०६३/६४ |
|---|---|---|---|
| **क** | **कुल तरलता प्रशोचन** | **८.५७** | **१९.४५** |
| १ | बिक्री बोलकबोल | ४.५७ | ५.८९ |
| २ | रिभर्स रिपो बोलकबोल | ४.०० | १३.५६ |
| **ख** | **कुल तरलता प्रवाह** | **०.८३** | **०.०** |
| ३ | खरिद बोलकबोल | ०.८३ | ०.० |
| ४ | रिपो बोलकबोल | ०.० | ०.० |
| **ग** | **दोस्रो बजारमार्फत खुद तरलता प्रशोचन** | **७.७४** | **१९.४५** |

१२. गत वर्षको तुलनामा समीक्षा अवधिमा स्थायी तरलता सुविधाको उपयोग बढेको छ । गत वर्ष सो सुविधाअन्तर्गत वाणिज्य बैंकहरूले कुल रू. १ अर्ब ९२ करोड बराबरको ऋण सुविधा उपयोग गरेकोमा समीक्षा अवधिमा कुल रू. ८ अर्ब १९ करोड बराबरको सुविधा उपयोग गरे । समीक्षा अवधिमा केही बैंकहरूलाई तरलता आवश्यक परेकोले यसको उपयोग बढेको हो । समीक्षा अवधिमा अन्तरबैंक कारोबारमा पनि सीमान्त वृद्धि भएको छ । गत आर्थिक वर्ष २०६२/६३ को पहिलो छ महिनाको अवधिमा कुल रू ९४ अर्ब ४० करोडको अन्तरबैंक कारोबार भएकोमा समीक्षा अवधिमा रू. ९४ अर्ब ५४ करोडको कारोबार भयो ।


**तालिका नं.२ : स्थायी तरलता सुविधा र अन्तरबैंक कारोबार**

रू. अर्बमा

| | २०६२/२०६३ | २०६३/६४ |
|---|---|---|
| स्थायी तरलता सुविधा | १.९२ | ८.१९ |
| अन्तरबैंक कारोबार | ९४.४० | ९४.५४ |

## अल्पकालीन ब्याजदर

१३. वाणिज्य बैंकहहरूसँग अधिक तरलता रहेपनि सो तरलताको उचित व्यवस्थापनको कारणले अल्पकालीन ब्याजदर गत वर्षको सोही अवधिको भन्दा केही उच्च रह्यो । ९१-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर २०६२ पुस मसान्तमा २.४६ प्रतिशत रहेकोमा २०६३ पुस मसान्तमा २.६७ प्रतिशत रह्यो । त्यस्तै, भारित औसत अन्तरबैंक ब्याजदर पनि अघिल्लो वर्षको पुस मसान्तमा १.२२ प्रतिशत रहेकोमा २०६३ पुस मसान्तमा ३.०३ प्रतिशत रह्यो ।




## धितोपत्र बजार  स्थिति

१४. प्राथमिक निष्काशनतर्फ, आर्थिक वर्ष २०६३।६४ को पहिलो छ महिनामा नेपाल धितोपत्र बोर्डले तीनवटा वित्तीय संस्थालाई रू. ११ करोड १० लाख बराबरको साधारण शेयर तथा सातवटा वित्तीय संस्थालाई रू. ५२ करोड ५० लाख बराबरको अग्राधिकार शेयर निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ ।

१५. दोस्रो बजारतर्फ, वार्षिक बिन्दुगत आधारमा नेप्से परिसूचक ७५.८१ प्रतिशतले बढेर २०६३ पुस मसान्तमा ५३७.०९ बिन्दु पुगेको छ । यो परिसूचक २०६२ पुस मसान्तमा ३०५.५० थियो । देशको शान्ति-सुरक्षामा आएको क्रमिक सुधारका कारण शेयर लगानीकर्ताको मनोबलमा भएको वृद्धिका साथै बैंक तथा वित्तीय संस्थाहरूका वार्षिक साधारण सभा सन्पन्न हुने क्रममा वित्तीय विवरणहरू सार्वजनिक हुने र लाभांस घोषणा गर्ने कार्य समेत जारी

रहेकोले नेप्से परिसूचकमा उपर्युक्तानुसारको उत्साहप्रद वृद्धि भएको हो । यसबाहेक विप्रेषण आप्रवाहमा निरन्तर विस्तार, वैकल्पिक लगानीका अवसरहरूको अभाव तथा न्यून ब्याजदर आदिका कारण समेत शेयर बजारतर्फ लगानीकर्ताहरूको आकर्षण बढेको हो ।

१६. २०६३ पुस मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा २०६२ पुस मसान्तको तुलनामा ९६.२ प्रतिशतले वृद्धि भई रू १ खर्ब ३७ अर्ब ३० करोड पुगेको छ । परिणामस्वरूप २०६३ पुस मसान्तमा कुल गार्हस्थ्य उत्पादनमा बजार पूँजीकरणको अनुपात २१.३ प्रतिशत पुगेको छ । २०६२ पुस मसान्तमा यस्तो अनुपात १२ प्रतिशत थियो । बजार पूँजीकरणको अनुपातमा आएको उक्त वृद्धिले शेयर बजारको आकार (size) मा आएको विस्तारलाई सङ्केत गरेको छ । विगतमा झैं सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको ८३.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ४.३ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.६ प्रतिशत र अन्यको ९.९ प्रतिशत अंश रहेको छ ।

१७. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत कम्पनीहरूको संख्या २०६२ पुस मसान्तमा १२७ रहेकोमा २०६३ पुस मसान्तमा १४१ पुगेको छ । कुल सूचीकृत कम्पनीहरूमध्ये ९४ वटा वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरू, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरू र ६ वटा अन्य समूहका छन् ।

१८. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १८.८ प्रतिशत रही २०६३ पुस मसान्तमा रू २० अर्ब ८५ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरूले साधारण शेयर तथा हकप्रद शेयर थप निष्कासन गर्नुका साथै केही नयाँ सस्थाहरू नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत भएकाले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१९. २०६३ पुस मसान्तमा बजार पूँजीकरणमा मासिक कारोबारको अनुपात (Turnover ratio) ०.७९ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६२ पुस मसान्तमा ०.२६ प्रतिशत थियो ।

२०. शेयरबजारको उतारचढाब (Volatility) मापन गर्नका लागि प्रयोग गरिने बाह्र महिनाको rolling standard deviation २०६२ पुस मसान्तमा १३.८ रहेकोमा २०६३ पुस मसान्तमा ६६.८ पुगेको छ ।

## Sensitive Share Price Index को प्रकाशन आरम्भ

२१. नेपाल स्टक एक्सचेञ्ज लि. ले सो लिमिटेडमा सूचीकृत कम्पनीहरूमध्ये “क“ समूहमा वर्गीकृत ५६ कम्पनीलाई समाविष्ट गरी २०६३ पुस १७ गते तदनुसार जनवरी १, २००७ देखि NEPSE Sensitive Index को प्रकाशन सुरू गरेको छ । सूचीकृत कम्पनीहरूमध्ये चुक्ता पूँजी रू २ करोड, शेयरहोल्डर संख्या कम्तीमा १ हजार, शेयरको किताबी मूल्य चुक्ता पूँजीभन्दा कम नभएको, शेयरको सार्वजनिक निस्कासन गरेको, विगत तीन वर्षदेखि लगातार नाफामा रहेका र निर्धारित समयमा वित्तीय विवरणहरू प्रकाशित गरिरहेका कम्पनीहरू Sensitive Share Price Index का लागि छनौट भएका हुन् । २०६३ असार ३२ लाई आधार मानी गणना गरिएको नेप्से Sensitive परिसूचक २०६३ पुस ३० मा १३५.१४ पुगेको छ ।

## उपभोक्ता तथा थोक मुद्रास्फीति एवं तलव तथा ज्यालादर स्थिति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६३।६४ को पहिलो छ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.६ प्रतिशत रहेको छ। आ.व. २०६२।६३ को सोही अवधिमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.० प्रतिशत थियो। २०६२ फागुनमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको अन्तराल प्रभावको असर विद्यमानै रहेको, खाद्यान्न समूहमध्ये दाल (१६.६ प्रतिशत), फलफूल तथा तरकारी (१३.७ प्रतिशत), मरमसला (२६.९ प्रतिशत) तथा अन्न तथा अन्नबाट बनेका परिकारहरू (७.० प्रतिशत) को मूल्यमा  वृद्धि भएकोले २०६३ पुस महिनाको उपभोक्ता मुद्रास्फीति ७.६ प्रतिशतको उच्च दरले वृद्धि भएको हो।

२३. समीक्षा अवधिमा समूहगतरूपमा खाद्य तथा पेयपदार्थ एवं गैरखाद्य तथा सेवा समूहहरूको सूचकाङ्क गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमशः ८.० प्रतिशत र ७.१ प्रतिशतले वृद्धि भएको छ। भौगोलिक आधारमा विश्लेषण गर्दा तराईमा सबैभन्दा बढी ८.५ प्रतिशत तथा पहाड र काठमाडौं उपत्यकामा क्रमशः ७.२ प्रतिशत र ६.५ प्रतिशतका दरले वार्षिक बिन्दुगत मूल्य वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा पहाड, तराई र काठमाडौं उपत्यकामा क्रमशः ७.१ प्रतिशत, ८.० प्रतिशत र ६.२ प्रतिशतले मूल्य वृद्धि भएको थियो।

२४. २०६३ पुसमा अन्तर्निहित (Core) मुद्रास्फीति ६.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ४.५ प्रतिशत थियो। समीक्षा अवधिमा गहुँ र गहुँबाट बनेका वस्तुहरू; मरमसला; शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन एवं अन्य अन्न तथा अन्नबाट बनेका परिकारहरूको मूल्य वृद्धि उच्च रहेकोले अन्तरनिहित मुद्रास्फीति ६.५ प्रतिशतले बढेको हो।

२५. समष्टिमा समीक्षा अवधिमा आन्तरिक द्वन्द्वद्वारा सिर्जित प्रतिकूल आपूर्ति स्थितिमा केही सुधार आई मूल्य स्थितिमा अनुकूल प्रभाव परे तापनि मौसमी प्रतिकूलता, भारतबाट आयात हुने वस्तुहरू विशेषतः मरमसला एवं खाद्य पदार्थमा भएको मूल्य वृद्धिले गर्दा उपभोक्ता मुद्रास्फीतिमा चाप परेको हो।

### थोक मुद्रास्फीति

२६. वार्षिक विन्दुगत आधारमा २०६३ पुसमा थोक मुद्रास्फीति १०.४ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा थोक मुद्रास्फीति दर ८.२ प्रतिशत थियो। २०६२ फागुनमा  पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनुका साथै खाद्यान्न, फलफूल तथा तरकारी, दलहन, मरमसला, पशु आहार तथा निर्माण सामाग्रीहरूको मूल्यमा भएको वृद्धिले गर्दा थोक मुद्रास्फीति १०.४ प्रतिशत हुन गएको हो। समूहगतरूपमा विश्लेषण गर्दा २०६३ पुसमा कृषिजन्य वस्तुहरूको सूचकाङ्क सबैभन्दा बढी (१३.१ प्रतिशत) र आयातित वस्तुहरूको मूल्य सूचकाङ्क सबभन्दा कम (७.२ प्रतिशत) ले वृद्धि भएको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ९.७ प्रतिशतले बढेको छ।

### राष्ट्रिय तलब तथा ज्यालादर

२७. २०६३ पुसमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (२०६१।६२ = १००) वार्षिक विन्दुगत आधारमा ९.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यसै अवधिमा उक्त सूचकाङ्क ४.३ प्रतिशतले बढेको थियो। नेपाली मजदूरहरू वैदेशिक रोजगारमा आकर्षित भई ठूलो संख्यामा विदेश गएकोले स्वदेशमा मजदूरको आपूर्तिमा कमी आएको कारण ज्यालादरमा वृद्धि र सरकारी सेवामा कार्यरत कर्मचारीहरूको १० प्रतिशतले भत्ता थप गरिएबाट सूचकाङ्कमा उक्त वृद्धि भएको हो। समीक्षा अवधिमा तलब तथा ज्यालादर सूचकाङ्कमा क्रमशः ६.२ प्रतिशत र १०.९ प्रतिशतले वृद्धि भएको छ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२८. सरकारी वित्ततर्फ, नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल खर्च आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनासम्ममा ११.९ प्रतिशतले वृद्धि भई २०६३ पुस मसान्तमा रू ४४ अर्ब ७७ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा उक्त सरकारी खर्च १७.७ प्रतिशतले बढेको थियो। स्थानीय निकायमा जनप्रतिनिधिहरूको अभावका कारण विकास निर्माणका कामहरूले गति लिन नसकेको, ठूला आयोजनाहरूको कार्यान्वयन प्रक्रिया सुस्त रहेको एवं मुलुकमा पूर्णरूपमा शान्ति-सुरक्षाको प्रत्याभूति अझै हुन नसकेको कारण पूँजीगत खर्चले अपेक्षित गति लिन नसक्नुका साथै चालू खर्चमा पनि केही नियन्त्रण भएको कारण समीक्षा अवधिमा कुल सरकारी खर्च कम दरले बढेको हो।

### सरकारी राजस्व

२९. आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनासम्ममा नेपाल सरकारको कुल राजस्व गत वर्ष ५.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा उल्लेखनीय (१९.७ प्रतिशत) वृद्धि भई २०६३ पुस मसान्तमा रू ३७ अर्ब ८० करोड पुगेको छ। भन्सार एवं अन्तःशुल्कका दरहरूमा गरिएको समायोजन, भन्सार मूल्याङ्कनमा सुधार, कर तिर्ने प्रवृत्तिमा सुधार, बढ्दो उपभोक्ता विश्वासका साथै नेपाल राष्ट्र बैंकलगायत अन्य केही संस्थाहरूले सरकारलाई भुक्तानी गरेको लाभांशका कारण गैरकर आय बढेकोले समीक्षा अवधिमा राजस्व परिचालन उल्लेखनीयरूपले बढेको हो।

३०. आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनाको अवधिमा नेपाल सरकारलाई प्राप्त वैदेशिक अनुदान गत वर्षको सोही अवधिको तुलनामा ५६.७ प्रतिशतले बढी रू ७ अर्ब ९३ करोड पुगेको छ। गत आर्थिक वर्ष वैदेशिक अनुदान ३८.२ प्रतिशतले बढेको थियो। भारत, जापान, अमेरिका तथा यूरोपियन मुलुकहरूबाट स्वास्थ्य क्षेत्र, स्थानीय स्तरका स-साना आयोजना र बजेट सहयोग कार्यक्रमअन्तर्गत अनुदान प्राप्त भएकोले समीक्षा अवधिमा कुल विदेशी नगद अनुदान उल्लेख्यरूपले बढेको हो। वैदेशिक ऋण भने गत वर्ष ९४.९ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा १०.० प्रतिशतले घटी २०६३ पुस मसान्तसम्ममा रू १ अर्ब ९० करोड मात्र प्राप्त भएको छ।

**बजेटघाटा/ बचत**

३१. सरकारी खर्चको तुलनामा राजस्व परिचालन एवं वैदेशिक अनुदानमा भएको उल्लेखनीय वृद्धिको फलस्वरूप नेपाल सरकारको बजेट गत वर्ष रू २ अर्ब ५० करोडले घाटामा रहेको विपरीत समीक्षा अवधिमा रू २ अर्ब ६५ करोडले बचतमा रहेको छ।

## वैदेशिक व्यापार

३२. आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा कुल निर्यात ३.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १५.१ प्रतिशतले बढेको थियो। कुल निर्यातमा भारततर्फको निर्यात गत वर्ष २७.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.८ प्रतिशतले घटेको छ। अन्य मुलुकतर्फको निर्यात गत वर्ष ५.१ प्रतिशतले ह्रास भएकोमा यस वर्ष थप २.७ प्रतिशतले घटेको छ। नेपाली वस्तुको वाह्य मागमा कमी, कतिपय ठाउँमा उद्यमी र मजदूरबीच असमझदारी र लोडसेडिङ्गले गर्दा समग्र औद्योगिक उत्पादन र निर्यातमा प्रतिकूल असर परेको हो।

३३. भारततर्फ मुख्यतया पोलिस्टर धागो, प्लाष्टिकका भाँडाकुँडा, गाइवस्तुका दाना, तामाको तार तथा डण्डी, जी.आई. पाइप, जुटका सामान, चाउचाउ, जी.आई. पाइप र पश्मिनाको निर्यातमा उल्लेख्य कमी आएको कारण त्यसतर्फको निर्यात घटेको हो भने विशेष गरी तयारी पोशाक, ऊनी गलैंचा र हस्तकलाका सामानको निर्यातमा कमी आएकाले अन्य मुलुकतर्फको निर्यात घटेको हो।

**तालिका ३ : भारततर्फको निर्यातमा ह्रास आएका केही वस्तुहरू**
**(प्रथम छ महिना)**

(रू. करोडमा)

| | २००५/०६ | २००६/०७ | ह्रास |
|---|---|---|---|
| पोलिस्टर धागो | १९०.० | १११.९ | -७८.१ |
| प्लाष्टिकका भाँडाकुँडा | ४८.९ | २१.८ | -२७.२ |
| गाइवस्तुका दाना | ३१.५ | ५.४ | -२६.१ |
| तामाको तार तथा डण्डी | १८.७ | ३०.० | -१५.७ |
| जुटका सामान | १४८.६ | १३३.० | -१५.६ |
| चाउचाउ | २६.३ | १२.४ | -१३.९ |
| जी.आई. पाइप | २०.६ | ९.३ | -११.३ |
| पश्मिना | १३.० | १.८ | -११.२ |
| **जम्मा** | **४९७.६** | **२९८.६** | **-१९९.०** |

३४. आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा कुल आयात ६.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा कुल आयात २२.५ प्रतिशतले वृद्धि भएको थियो। कुल आयातमध्ये भारतबाटको आयात अघिल्लो वर्ष ३१.४ प्रतिशतले बढेकोमा यस वर्ष ७.६ प्रतिशतले मात्र वृद्धि भएको छ भने अन्य मुलुकबाटको आयात पनि गत वर्ष १०.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.३ प्रतिशतले मात्र बढेको छ।

३५. आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, धागो, हट रोल्ड शीट इन क्वाइल र अन्य मेशिनरी तथा पूर्जा एवं अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, कम्प्यूटर पार्टस् रासायनिक मल, तामाको तार तथा डण्डी, औषधि र कपडाको आयात वृद्धि भएको छ।

## शोधनान्तर

३६. आर्थिक वर्ष २०६३/६४ को प्रथम छ महिनामा देशको शोधनान्तर बचत रू. ५ अर्ब ४० करोडमा झरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू. १० अर्ब ५५ करोड शोधनान्तर बचत भएको थियो। बढ्दो व्यापार घाटा तथा सेवा आयको तुलनामा सेवा खर्चको वृद्धि बढी भई खुद सेवा आय पनि ठूलो परिमाणमा घाटा रहेको कारण समीक्षा अवधिमा शोधनान्तर बचतमा कमी आएको हो।

३७. अघिल्लो वर्षको पहिलो छ महिनामा चालू खातामा रू. ३ अर्ब ७४ करोड बचत भएकोमा समीक्षा अवधिमा मात्र रू. ९८ करोड बचत भएको छ। समीक्षा अवधिमा व्यापार घाटामा थप वृद्धि हुनु, सेवा आयको तुलनामा सेवा खर्चको वृद्धि भई खुद सेवा आय बढीले प्रतिकूल रहनु तथा विप्रेषण आयको वृद्धि पनि गत वर्षको जस्तो उत्साहजनक नभएकोले चालू खाता बचतको मात्रा घटेको हो। कतारमा अघिल्लो वर्ष सम्पन्न एसियन खेलकुदका क्रममा विदेशी कामदारको माग बढेकोमा चालू वर्ष सो अवस्था नरहेको र मलेसियामा न्यून ज्यालादरको कारण नेपालीहरू कामको खोजीमा त्यसतर्फ जाने प्रवृत्तिमा कमी आएकोले समीक्षा अवधिमा निजी क्षेत्रको विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आएको हो।

३८. वित्तीय खाताअन्तर्गत, समीक्षा अवधिमा रू. २ अर्ब ८९ करोड बराबर सरकारी ऋण प्राप्त भएको छ भने रू ३ अर्ब ७८ करोड साँवा भुक्तानी भएको छ।

## विदेशी विनिमय सञ्चिति

३९. २०६३ असार मसान्तको तुलनामा २०६३ पुस मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ६९ अर्ब २४ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो सञ्चिति ९.८ प्रतिशतले वृद्धि भएको थियो। कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा भने २०६२ असारदेखि २०६२ पुस मसान्तसम्ममा ८.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ६.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ३८ करोड पुगेको छ। कुल सञ्चितिमा परिवर्त्य सञ्चितिको अंश २०६२ पुस मसान्तमा ९४.९ प्रतिशत रहेकोमा २०६३ पुस मसान्तमा ९५ प्रतिशत रहेको छ भने अपरिवर्त्य सञ्चितिको अंश ५.१ प्रतिशतबाट घटेर ५ प्रतिशत रहन गएको छ।

आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनाको आयातलाई आधारमान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.९ महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले सञ्चितिको स्तर सुविधाजनक रहेको छ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६२ पुस मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ६२.४८ रहेकोमा २०६३ पुस मसान्तमा १७.४ प्रतिशतले घटी प्रतिव्यारल अमेरिकी डलर ५१.६२ पुगेको छ। सुनको मूल्य भने २०६२ पुस मसान्तको तुलनामा २०६३ पुस मसान्तमा ११.६ प्रतिशतले वृद्धि भई प्रतिआउन्स अमेरिकी डलर ५६१.७५ बाट अमेरिकी डलर ६२७.०० पुगेको छ।

४१. २०६३ असार मसान्तको तुलनामा २०६३ पुस मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ४.२२ प्रतिशतले अधिमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.९ प्रतिशतले अवमूल्यन भएको थियो। २०६२ पुस मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७१.०० रहेको थियो भने २०६३ पुस मसान्तमा उक्त विनिमय दर रू. ७१.१० रहेको छ।